# कचनकवल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बनियानी, झापा

पत्र संख्या: २०७८/०७९ (खरिद व्यवस्थापन तथा भण्डारण शाखा) १.नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

## शिलवन्दी दरभाउ पत्र आव्हान सम्बन्धी सुचना !

प्रथम पटक प्रकाशित मिति २०७९/०३/०१

यस कार्यालय बाट गाउँपालिकाको विभिन्न स्थानहरुमा सौर्य उर्जा बाट संचालन हुने सोलार इनर्जी प्यानल लगायतका सामाग्री खरिद गरि जडान गर्नको लागी शिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद प्रक्रिया अघि बढाउनुपर्ने भएकोले सम्बन्धित कार्यसंग मिल्दो उद्देश्य तथा कारोबार सम्बन्धी इजाजत प्राप्त इच्छुक उत्पादन कम्पनी तथा सप्लायर्स फर्महरु बाट निम्न शर्तहरुको अधिनमा रही शिलवन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

**शर्तहरु :**

१. यो सूचना गाउँपालिकाको सूचना पाटि तथा वेभसाइटमा प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र र सो दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट सम्म उक्त कार्यका लागि रु. १,०००|- (एक हजार मात्र) का दरले (पछी फिर्ता नहुनेगरी) दस्तुर रकम यस कचनकवल गाउँपालिकाको राजश्व शाखामा नगद दाखिला गरेको नगदी रसिद, अद्यावधिक नवीकरण गरिएको फर्म दर्ता प्रमाण पत्र, मूल्य अभिवृद्धि करमा दर्ता भएको स्थायी लेखा नं. (PAN) दर्ता प्रमाण पत्र र सम्बन्धित आन्तरिक राजश्व कार्यालयको आ.व. २०७७/०७८ सम्मको कर चुक्ता प्रमाण पत्र वा म्याद थपको कागज लगायतका कागजातहरुको १/१ प्रति फोटोकपी सहित रितपूर्वक निवेदन पेश गरि गाउँपालिकाको प्रशासन शाखा बाट दरभाउ पत्र फारम खरिद गर्न सकिने छ ।

२. शिलवन्दी दरभाउ पत्रका साथ तपसिलमा उल्लेखित कागजातहरु अनिवार्य रुपमा पेश गर्नुपर्नेछ अन्यथा दरभाउ पत्र मुल्यांकन सम्बन्धि कुनै पनि कारबाही गरिने छैन ।

   क) आफु खरिद कारबाहीको लागि अयोग्य नभएको र कालो सूचीमा नपरेको स्व-घोषणा पत्र ।

३. शिलवन्दी दरभाउ पत्र साथ धरौटी वापतको तपसिलमा उल्लेखित रकम यस कचनकवल गाउँपालिकाको एन.आई. सी एसिया बैंक, कचनकवल शाखामा रहेको "ग" ३ स्थानीय धरौटी खाता नं. **67CA0510119752404** मा जम्मा गरेको सक्कलै बैंक भौचर शिलवन्दी दरभाउ पत्रका साथ दाखिला गर्नु पर्नेछ ।

४. शिलवन्दी दरभाउ पत्र फारम भर्दा ठेक्काका शर्तहरु पूर्णत : अध्ययन गरि स्पष्ट संग भर्नुपर्नेछ ।

५. शिलवन्दी दरभाउ पत्र मुल्यांकन तथा स्वीकृतिको निर्णय न्युनतम मूल्य (एकमुस्ठ) र दरभाउ पत्रको प्राविधिक पक्ष समेतका आधारमा गरिनेछ र दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

६. शिलवन्दी दरभाउ पत्र फारममा मु.अ.कर सहिंतको दररेट अंक र अक्षर दुबैमा स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्याता दिईने छ । केरमेट वा थपघट गर्नुपर्ने भएमा केरमेट वा थपघट गरिएको ठाउँमा आधिकारिक व्यक्तिको हस्ताक्षर हुनुपर्नेछ । म्याद नाघी आएको वा रित नपुगी पर्न आएका दरभाउ पत्र उपर कुनै कारबाही गरिने छैन ।

७. आपूर्ति गर्नुपर्ने सामाग्रीको कार्य विवरण र Techincal Specification BOQ मा उपलब्ध गराईने छ ।



CamScanner

कचनकवल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बनियानी, झापा
पत्र संख्या: २०७८/०७९ (खरिद व्यवस्थापन तथा भण्डारण शाखा) १.नं. प्रदेश, नेपाल

८. यस सूचनामा उल्लेख नभएका अन्य कुराहरुको हकमा दरभाउपत्र सम्बन्धी कागजातहरु, सार्वजनिक खरिद ऐन २०६३ र नियामावली २०६४ (संसोधन सहित) तथा अन्य प्रचलित ऐन नियम अनुसार हुनेछ। साथै थप अन्य कुराहरु बुझ्न आवश्यक परेमा यस कार्यालय वा सम्पर्क नं. ९८४२३८६१८६ मा सम्पर्क गरि बुझ्न सकिनेछ।

बोलपत्र सम्बन्धि विवरण

| सि.नं. | ठेक्का नं. | कामको विवरण | कार्यालयको लागत अनुमान रकम (मु.अ. कर समेत) | धरौटी वापतको रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | खरिद व्यवस्थापन तथा भण्डारण शाखा ०२-२०७८/०७९ | गाउँपालिका क्षेत्र भित्र सौर्य उर्जामा आधारित सोलार बत्ति आपूर्ति तथा जडान | ७,८५,२४२/५० (अक्षेरेपी रु. सात लाख पचासी हजार दुई सय बयालीस रुपैयाँ पचास पैसा मात्र ) | ७०,८५२।- (सत्तरी हजार आठ सय वाउन्न मात्र ) | |

०३।०५

कुमार बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत



CamScanner